**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः २२ अक्तूबर २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- राज्य भाजपा अध्यक्ष समिक भट्टाचार्यले दावी एसआई आर लागु भएको एक करोड़ भन्दा बढ़ी अवैध मतदाताको नाम सूचीबाट हटिने छ।
- २६ अक्टुबरदेखि कोलकाता र चीनको ग्वांगझाउ बीच ईन्डिगो ले दैनिक उड़ान शुरू गर्नेछ।
- मिरिक जाने क्रममा नोल ड़ांड़ामा वाहन र्दुघटना हुन्दा चार जनाको मृत्यु , १० भन्दा बढ़ी घाईते भएका छन्।
- परम्परागत ढ़ंगमा हर्ष उल्लासका साथ भोली भाईटिका पालन गरिनेछ।
- भारत सरकारले नेपालका ४८ जिल्लाहरूका शैक्षिक संस्थानहरूलाई उपहार स्वरूप प्रदान गरयो ८१ वटा बस ।

**वेष्ट बेंगल बीजेपी**

राज्य भाजपा अध्यक्ष श्रमिक भट्टाचार्यले चुनाव आयोगले सधन मतदााता पुननिरीक्ष्ण गरेको खण्डमा झण्डै एक करोड़ फर्जी मतदाता , मृत मतदातताख एकेदखि अध्कि स्थानमा नाम रहेका मतदाताको नाम मतदाता सूची देखि हटाईने दावी गर्नुभयो।

बाईट

**कोलकाता**

लगभग पाँच वर्षको अन्तरालपछि, कोलकाता फेरि चीनको मुख्य भूभागसँग प्रत्यक्ष हवाई सम्पर्क हुने देशको पहिलो शहर बन्ने भएको छ। इण्डिगो एयरलाइन्सले घोषणा गरेको छ कि २६ अक्टोबरदेखि कोलकाता र चीनको ग्वाङ्झोउबीच दैनिक नन–स्टप उडान सुरु गरिनेछ।त्यसै दिन निजी विमान सेवा कम्पनीले कोलकातास्थित नेताजी सुभाष चन्द्र बोस अन्तरराष्ट्रिय विमानस्थलबाट लन्डनका लागि स्टप सहितको उडान पनि पुनः सुरु गर्नेछ। भारतीय विमानपत्तन प्राधिकरण (एएआई) ले सामाजिक संजालमा एक पोस्ट मार्फत भनेको छ कि “देशको बृद्धि भइरहेको विमानन नेटवर्कका लागि अर्को महत्वपूर्ण उपलब्धि स्वरूप, इण्डिगो एयरलाइन्सले कोलकाता विमानस्थल र ग्वाङ्झोउ, चीनबीच प्रत्यक्ष हवाई कनेक्टिविटी पुनः सुरु गर्दैछ| भारत र चीनबीच हवाई सम्पर्कको यो पुनर्स्थापना हालका कूटनीतिक प्रयासको परिणाम हो। प्रधानमन्त्री नरेन्द्र मोदीले शाङ्घाई सहयोग संगठन (एससीओ) सम्मेलनको क्रममा चीन भ्रमणको समयमा राष्ट्रपति सी जिनपिङसँग भेटघाट गरेका थिए, जहाँ दुवै नेताले विश्वव्यापी आर्थिक असुरक्षाका बीच आपसी व्यापार सुदृढ पार्ने रणनीतिहरूमा छलफल गरेका थिए। त्यसपछि दुवै देशबीच पुनः प्रत्यक्ष हवाई सेवाहरू सुरु गर्ने बाटो तयार भएको हो

**रास मेला**

गाजोलडोबाको टाकीमारीमा खुट्टी पूजासितै रास मेला, उत्तर बंगाल लोक संस्कृति एवं बाउल उत्सवको तयारी शुरू गरिएको छ। आज राजगञ्जका विधायक खगेश्वर रायको उपस्थितिमा खुट्टी पूजा सम्पन्न गरियो। राजगञ्ज ब्लकको मन्तादारी ग्राम पञ्चायत अन्तर्गत टाकीमारीमा नव मिलन युवा संघको नेतृत्वमा यस वर्ष 27औं वार्षिक रास उत्सवको आयोजन गरिने छ। यो मेला आगामी 5 नोभेम्बरदेखि शुरू भएर 11 नोभेम्बरसम्म चल्ने छ| मेला कमिटाका सदस्यहरूले सात दिवसीय रास मेला, उत्तर बंगाल लोक संस्कृति तथा बाउल उत्सवको आयोजन गरिँदैछ जहाँ राज्यभरिका विभिन्न बाउल कलाकारहरूले प्रदर्शन गर्नेछन्|

**नोल डाडा दुर्घटना**

काकरभिट्टाबाट मिरिक आई रहेको फोर्स नामक क्रुजर नोल डाडा गाउँमा दुर्घटनाग्रस्त हुँदा तीन जनाको घटनास्थलमा नै मृत्युभएको छ भने दस जनाभन्दा अधिक घाइते भएका छन् ।दुर्घटनामा चालक राकेश रुचाल भाग्यवश बाचेका छन् । मुल सडक छोडेर लगभग सय फिट मुनि झरेको वाहनमा धेरै जना सवार रहेको जानकारी प्राप्त भएको छ जो भोलि मनाइने भाई टीकाको लागि आफ्ना आफन्त तथा माइतीका घर आईरहेका थिए। घटनाको खबर पाउन साथ स्थानीय नागरिकहरुले उद्धार कार्य थाले भने पछि मिरिक पुलिस लगायत अग्निशमन बिभागका कर्मचारीहरु घटनास्थलमा पुगी घाइतेहरुको उद्धार गरे। ज्ञात रहोस् , बिगत ४ अक्टोबर को बिहान बिनाशकारी भल- पैह्रोले पहाडको विभिन्न स्थानहरु लगायत दुधे बालासन नदी माथी बनिएको स्टिल ब्रीज क्षतिग्रस्त भएपछि नोल डाडा को बाटो अहिले यातायातको बैकल्पिक मार्ग बनेको छ। यो सडक गाउँ बिच हुँदै बनाइएको कारण सानो तथा सँकुचित हुनाले साथै धेरै गोलाइ र उकालो भएकोले यस अघि धेरै वटा गाडीहरु दुर्घटनमा परेको जानकारी प्राप्त भएको छ। यस सानो सडकले राजमार्गको भार बहन गर्नु परेको कारण पनि यो सडकमार्गमा दुर्घटनाको सम्भावना धेरै देखिएको छ। जसलाई ध्यानमा राख्दै स्थानीय नागरिकहरुले उक्त बैकल्पिक मार्ग जोखिमपूर्ण भएको कारण दुधे बालासन नदीमा बैकल्पिक पुल निर्माण चाडैं पूरा गरि यातायात सुचारु गर्ने माग गरेका छन् ।

## दिपावली

देशभरि दिपावली पर्व आज पनि जारी छ। हिज मानिसहरूले दियो जलाई पटेकाहरू पड्काएर अनि उपहारहरु आदान - प्रदान गरेर दिपावली मनाए। देशका उत्तरी भागहरूमा धनकी देवी लक्ष्मी र गणेशको अनि पश्चिम बंगालमा नराम्रोलाई नाश गर्ने देवी काली माँ को पूजा गरेर दिपावाली मनाए। देशका विभिन्न भागहरूमा यस अवसरमा दिवाली मेलाहरुको आयोजना पनि गरिएका छन् ।शरद ऋतुको कार्तिक औंसीको दिन पर्ने तिहार वा दिपकको पावन पर्व दिपावली हिज देशका सबै भागहरूमा पारमपारिक श्रद्धा एवं उत्साह साथ मनाइयो । यस पर्वमा अकाल मृत्युबाट मुक्ति पाउन र जीवन प्राप्तिको कामना गर्दै दियोहरु बालेर यमको पूजा गरिन्छ। देशका अन्य हिस्साहरुमा सरह प्रकाशको पर्व दिपावली दार्जीलिङ पहाडी क्षेत्र का मानिसहरूले पनि बडो उल्लासपूर्वक मनाए। देशका विभिन्न भागहरूमा छरिएर बसेका गोर्खा समुदायले हिज गाई पूजा गरी गाईले मानव मात्रको कल्याणमा पुर्याएको योगदानको स्मरण गरे।यसै गरी यम पञ्चक को आज चौथौं दिन मानिसहरूले गोरुको पूजन गरे। साथै औंशीको रातमा किशोरी तथा युवतीहरुका भैलेनी टोलीका मधुर स्वरले वातावरण गुञ्यमान भएपछि आज देउसे टोलीले देउसुरेको स्वरले वातावरण गुन्जी रहेको छ। देउसी खेल्ने दलहरु घर-घर गई देउसी खेली आउने दिनहरुका लागि खुशी र समृद्धिको ती घरहरुमा कामना गरीरहेका छन्। दिपावली अर्थात यम पंचकको पाँचौं र अन्तिम दिन भोलि 'भाइ टीका' मनाइने छ। यो दिन दिदी-बहिनीहरूले आफ्ना माइतीहरु निधारमा रङ्गीन टीकाहरू लगाई सयपत्री र मखमली फूलका मालाहरु गलामा पहिराई आफ्ना सुरक्षाका लागि सहयोग माग्दछन् । भाइ टीका (भात द्वितीया) माया, सुरक्षा र आत्मीय सम्बन्धको उत्सव हो - जहाँ प्रेम र एकताको सन्देश निहित छ।

## प्रधानमन्त्री मन की बात

प्रधानमन्त्री नरेन्द्र मोदीले यस महिनाको 26 तारिखमा आकाशवाणीमा प्रसारित हुने मन की बात कार्यक्रममा देश र विदेशका मानिसहरूसँग आफ्ना विचारहरू साझा गर्नुहुनेछ। यो मासिक रेडियो कार्यक्रमको 127 औं संस्करण हो। मानिसहरूले टोल-फ्री नम्बर 1800 -11-7800 मा आफ्ना सुझावहरू साझा गर्न सक्ने छन्। सुझावहरू नरेन्द्र मोदी एप र माई जी ओ वी ओपन फोरम मार्फत अनलाइन पनि पेश गर्न सकिन्छ। सुझावहरू यस महिनाको 24 तारिखसम्म स्वीकार गरिनेछ।

## भारत नेपाल बस प्रदान

भारत सरकारले दीपावलीको अवसरमा नेपाललाई ८१ वटा स्कूल बसहरू भेट गरेको छ। नेपालका ४८ जिल्लाहरूमा विभिन्न शैक्षिक संस्थानहरूलाई भारतले यी बसहरू उपहार स्वरूप प्रदान गरेको हो। हालको बाढ़ी प्रभावित इलाम, झापा र उदयपुर जिल्लाहरू देखि सुदूर हुमला, मुस्तांग ,संखुवासभा , दारचूला , बैतड़ी र अछाम जिल्लाहरूमा शैक्षिक संस्थानहरूका लागि पनि यी बसहरू प्रदान गरिएको हुनू। भारत र नेपाल दीर्घकालिन विकास सहभागिता वमोजिम देशका सातै प्रान्तहरूलाई भारतले यसरी सहयोग गर्दै आएको छ। विगत तीन दशकहरूमा भारत सरकारले नेपालका विभिन्न शैक्षिक संस्थानहरूलाई ३८१ स्कूल बसहरू उपहार स्वरूप प्रदान गरि सकेको छ।